गल्छी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बैरेनी, धादिङ

३ नं प्रदेश, नेपाल

गल्छी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैरेनी, धादिङ ३ नम्बर प्रदेश, नेपाल

पुण्यविक्रम पौडेल प्रमुख प्रशासकीय अधिकृत

## आ.व. ०७५/७६ को लागी आन्तरिक आयको ठेक्का वन्दोवस्त गर्ने सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति :(२०७५/०४/२९ गते)

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ घ(१), घ(२) र घ(६) मा भएको व्यवस्था, ३ नं. प्रदेश आर्थिक ऐन, २०७५ को दफा ८ (१) र सो संग सम्वन्धीत अनुसुचि ५ मा भएको व्यवस्था एवं गल्छी गाउँपालिकाको आर्थिक ऐन, २०७५ को दफा ८ को अनुसुचि ७ अनुसार गल्छी गाउँपालिकाको आ.व. २०७५/०७६ को ठेक्का वन्दोवस्त भएको मिति देखी २०७६ असार मसान्त सम्म आन्तरीक आय संकलन (ठेक्का बन्दोवस्त) गर्नुपर्ने भएकोले गाउँ कार्यपालिकाबाट तोकिएको दररेटमा ढुङ्गा, गिटी, वालुवा, माटो, स्लेट, ग्राबेल, चिप्स र रोडा लगायत संकलन/निकासी/बिक्रि कर लाग्ने सबै प्रकारका मालबस्तुमा (कृषिजन्य बाहेक) राजश्व संकलनको ठेक्का लिन इच्छुक सवैको जानकारीका लागी यो सुचना प्रकाशन गरिएको छ । साथै सुचना यस कार्यालयको वेभसाइट www.galchhimun.gov.np मा समेत हेर्न सकिनेछ ।

**ठेक्काको विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | परिमाण | दररेट | न्युनतम ठेक्का अंक (मु.अ.कर बाहेक) | बेलपत्र फाराम दरुतुर | धरौटी |
|---|---|---|---|---|---|---|
| १/२०७५/०७६ | गल्छी गाउँपालिकाले प्रारम्भिक वातावरणीय परिक्षण गरेको कोशी खोला, खहरे खोला दोभान, गहते, निच्छान बगर, कल्लेरीघाट देखी केउसे दोभान सम्मको त्रिशुलि नदीको बगर, केउरेनीटार, भुत्याहा, वेलिनिटार देखी आदमखोला सम्मको त्रिशुली नदीको बगर, पिप्ले, कोल्पुखोला बगर, वन्ली मरेङ्गघाट बगर देखी महेश खोला सम्मको त्रिशुली नदीको बगर तथा जिन्टेटार मुनिको जिन्टे बगर, छोटे बगर, रुम्टा बगर, मसटार बगर र पानसयटार मुनिको स्यालटार बगर देखी बेल्खुखोला सम्मको त्रिशुलि नदीको बगरबाट उत्खनन /संकलन /बिक्रि /निकासी तथा गाउँ पालिकाको जुनसुकै स्थानहरुमा संकलन भई निकासी हुने ढुङ्गा, गिटी, वालुवा, माटो, स्लेट, ग्राबेल, चिप्स र रोडा लगायत संकलन/ निकासी/ बिक्रि कर लाग्ने सवै प्रकारका (कृषि जन्य बाहेकका) मालबस्तुमा लाग्ने शुल्क/कर संकलन गर्ने । | गल्छी गाउँपालिकाले प्रारम्भिक वातावरणीय परिक्षण गरेको क्षेत्रबाट उत्खनन/ संकलन/ निकासी/ बिक्रि हुने **९०,६४,३१४ घनफिट ( नब्बे लाख चौसट्ठि हजार तिन सय चौध घनफिट)** तथा खानी लगागतका क्षेत्रबाट उत्खनन् भई फिरफिरेमा वास गरि निकासी हुने र क्रसरमा उत्पादन भई निकासी हुने अन्य परिमाण समेत । | आ.व.०७५/७६ को लागी निर्धारित ढुङ्गा, गिटी, वालुवा, स्लेट, ग्राभेल, र रोडा घाटगद्दि एवं संकलन शुल्क रु ३ तथा बिक्रि शुल्क रु ६ गरी जम्मा प्रति घनफिट रु ९।- ( नौं) तथा माटो निकासीको हकमा प्रतिघनफिट रु २।५० ( दुई रुपैयाँ पचास पैसा ) मात्र तर गा.पा. भित्र खपत हुने उपरोक्तानुसारका मालबस्तुमा उत्खनन तथा संकलन शुल्क रु २ मात्र लाग्नेछ । | ५,२५,००,०००।- (पाँच करोड पच्चिस लाख) | ५,०००।- (पाँच हजार) | कबोल अङ्कको ५% (पाँच प्रतिशत ) |

**ठेक्का सम्वन्धी शर्तहरु :-**

१. ठेक्का लिन इच्छुक फर्म वा कम्पनीले माथि उल्लेखित न्यूनतम अंकमा नघट्ने गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिनको कार्यालय समयभित्र आ.व.२०७४/०७५ का लागि नवीकरण भएको इजाजतपत्रको प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७३/०७४ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि सहित रितपुर्वक निवेदन दिई वोलपत्र फारम (रकम फिर्ता नहुने गरी) यस कार्यालयवाट खरिद गर्न सकिनेछ । अथवा PPMO को WEBSITE: www:bolpatra.gov.np/egp बाट प्रकृया पुर्याई E-Bidding गर्न सकिनेछ र E-Bidding मार्फत

बोलपत्रमा सहभागी हुने बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर वापतको रकम रु ५,०००।- (अक्षेरुपी पाँच हजार) यस कार्यालयको ग्लोबल आई.एम.ई.बैंक लि. बैरेनी धादिङमा रहेको **मुल संचित कोष खाता नं. ८१०१०१००००१८८** मा रकम जम्मा गरि सो बैंक भौचर समेत स्क्यानिङ्ग गरी Upload गर्नुपर्नेछ ।

२. E-Bidding गर्ने बोलपत्रदाताहरुले बोलपत्र खोलेको ७ (सात) दिन भित्र अनिवार्य रुपमा सक्कल कागजातहरु कार्यालयमा बुझाई सक्नुपर्नेछ अन्यथा उक्त बोलपत्रदाताको बोलपत्रलाई मान्यता दिईने छैन ।

३. खरिद गरिएका वोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा अङ्क र अक्षरमा भरि प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि ३१ औ दिनको १२:०० वजे भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखामा वोलपत्र दर्ता गराउन अथवा PPMO को WEBSITE: www.bolpatra.gov.np/egp बाट प्रकृया पुर्‍याई Upload गर्न सकिनेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ साथै फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

४. वोलपत्र फारम साथ बोलपत्र जमानत वापतको रकम (कबोल अङ्कको ५% ले हुन आउने रकम) यस गाउँपालिका कार्यालयको ग्लोबल आई.एम.ई.बैंक लि. बैरेनी धादिङमा रहेको **धरौटी खाता नं. ८१०१०१००००१९१** मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल सरकारवाट मान्यता प्राप्त बाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको जमानी पत्र (विडवण्ड) वोलपत्र साथ पेश गर्नुपर्ने छ । साथै बोलपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ ।

५. यस कार्यालयको हितलाई ध्यानमा राखी प्राप्त भएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाघि आएका वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

६. बोलपत्र स्वीकृत भएपछि कबोल ठेक्का अंकको ३०% ले हुन आउने रकम ग्लोबल आई.एम.ई.बैंक लि. बैरेनी धादिङ स्थित यस कार्यालयको **मुल संचित कोष खाता नं. ८१०१०१००००१८८** मा जम्मा गरेको सक्कल बैक भौचर र ठेक्का अंकको बुझाउन वाँकी ७०% ले हुन आउने रकमको ठेक्का सम्झौता मितिले कम्तिमा १३ महिना म्याद भएको मान्यता प्राप्त बाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी गरिएको जमानतपत्रको सक्कल प्रति सम्झौताको बखत पेश गर्नु पर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेस गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन वमोजिम फिर्ता गरिनेछ ।

७. नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने मु.अ.कर, अग्रिम कर, आय कर लगायतका सम्पुर्ण करहरु ठेकदार स्वयंमले आफ्नो तर्फबाट बुझाउनु पर्नेछ । तसर्थ यस ठेक्का अंकमा त्यस्ता कुनैपनि कर रकमहरु समावेस गरिएको छैन ।

८. प्रचलित ऐन वमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा १० प्रतिशत रकम सम्म छुट दिन सकिनेछ । तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनको लागी भने छुट दिईने छैन ।

९. ठेक्का अवधी गल्छी गाउँपालिकासंग ठेक्का सम्झौता भएको मिति देखी २०७६ साल असार मसान्त सम्म रहनेछ । तर ठेक्कामा माल सामनको परिमाण एकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रक्रिया पुरा गरि उक्त परिमाण सो भन्दा कम अवधीमा पनि संकलन तथा बिक्रि गर्न सकिनेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदीका कारण केही दिन काम सुचारु नभएको अवस्थामा समेत कुनैपनी क्षतिपुर्ति दाबी गर्न पाइने छैन । प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनले निषेध गरेको अवधीमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री ओसार पसार तथा बिक्रि गर्न सकिनेछ ।

१०. बोलपत्र सम्वन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । वा फोन नम्बर ०१०-४०३१५६, ०१०-४०३१६०, ०१०-४०३१९२ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । वोलपत्र सम्वन्धी अन्य शर्तहरु नेपाल सरकार, ३नं. प्रदेश सरकारवाट ढुङ्गा, गिटी, बालुवा, माटो, स्लेट, ग्राभेल, रोडा र उल्खनन्, निकासी तथा बिक्रि कर लाग्ने अन्य मालबस्तुहरु सम्वन्धी कार्यविधि स्वीकृत गरेको अवस्थामा सोका शर्तहरु र गल्छी गाउँ कार्यपालिकाको निर्णय कार्यान्वयन गर्नु ठेकदारको कर्तब्य हुनेछ ।

११. यस सुचनामा उल्लेख भएका शर्तहरुको अतिरिक्त बोलपत्र फाराम साथ संलग्न गरिएको आय ठेक्का सम्वन्धी अन्य शर्तहरुका प्रत्येक बुदाहरु यसै सुचनाका शर्त सरह लागु हुनेछन ।